जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक १७५ • २०८३ बैशाख ३ गते विहिवार • 16 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## महोत्तरी सहित मिथिला क्षेत्रमा वैशाख २ गते मनाइने जुड़शीतल पर्व हर्षोल्लासका साथ मनाइयो

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २ बैशाख**



महोत्तरी सहित मिथिला क्षेत्रमा वैशाख २ गते मनाइने जुड़शीतल पर्व बुधबार बिहानैदेखि हर्षोल्लासका साथ मनाइएको छ । जुड़शीतल, बासी पावनी र सिरुवा नामले परिचित यस पर्वमा घरका ज्येष्ठ सदस्यले कनिष्ठ तथा टोल-छिमेकका व्यक्तिको टाउकोमा जल छर्केर आशीर्वाद दिने परम्परा छ ।

जल छर्केर 'जुडाए'पछि कनिष्ठहरूले ज्येष्ठको खुट्टा ढोगी आशीर्वाद लिने चलन रहिआएको छ । यस अवसरमा घरपरिवारका सामग्री, पशुपक्षी र रुख-बिरुवामा समेत पानी छर्केर शीतल बनाउने गरिन्छ । औरही नगरपालिका-२ का दिनेश यादवले जुड़शीतलले आपसी सद्भाव र सम्मानलाई मजबुत बनाउने बताए । "ज्येष्ठले सानालाई आशीर्वाद दिने चलनले परिवार र समाजबीचको सम्बन्धलाई अझ नजिक बनाउँछ," उनले भने, "यो पर्वले गर्मीमा शरीरसँगै मन पनि शीतल राख्न सिकाउँछ ।" गौशाला नगरपालिका-१० का मनिक लाल महतोका अनुसार जुड़शीतलले प्रकृतिप्रति जिम्मेवारीको बोध गराउँछ । "रुख-बिरुवामा पानी हाल्ने, पशुपक्षीलाई शीतलता दिने चलनले वातावरण संरक्षणको सन्देश दिन्छ," उनले भने ।

मिथिला संस्कृतिका जानकारहरूका अनुसार वैशाखसँगै बढ्ने गर्मीलाई ध्यानमा राख्दै मानिस र वनस्पति दुवैका लागि शीतलताको कामना गर्ने परम्परा यस पर्वसँग जोडिएको छ । दिवंगत आफन्तको समाधिस्थलमा जल चढाउने चलनले जीवन र मृत्यु दुवै अवस्थामा शान्ति र शीतलताको सन्देश दिने विश्वास गरिन्छ ।

पहिले जुड़शीतलकै दिन इनार तथा कुवाको सरसफाइ गर्ने प्रचलन रहे पनि अहिले ती संरचना घट्दै जाँदा यस्तो अभ्यास हराउँदै गएको छ । यस पर्वमा विशेष परिकार खाने चलन पनि छ । वैशाख १ गते 'सतुआइन'का दिन बनाइएका पुरी, बडी र विभिन्न तरुवा वैशाख २ गते खाने गरिन्छ । बासी भोजनले शरीरको ताप घटाएर शीतलता दिने विश्वासका कारण यसलाई 'बासी पावनी' पनि भनिन्छ ।

जुड़शीतलका दिन आँपको टिकुलाबाट बनाइने तरुवा र चटनी तथा सजिवन (सोहिजन) को तरकारी खाने प्रचलन छ । यसै दिनबाट मिथिलाञ्चलमा आँप खाने सुरुआत हुने जनविश्वास समेत रहिआएको छ ।

## जुडशितलको अवसरमा गंगासागर पोखरीको डिलमा कपुरको वृक्षरोपण



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २ बैशाख**

मधेस प्रदेशसभाका सभामुख रामआशिष यादवले मिथिलाको लोकपर्व जुडशितलको शुभ अवसरमा बुधबार जनकपुरधामस्थित गंगासागर पोखरीको डिलमा कपुरको वृक्षरोपण गर्दै वातावरण संरक्षण र हरियाली प्रवर्द्धनमा सबैको सक्रिय सहभागिता आवश्यक रहेको बताएका छन् । वृक्षरोपणपछि आयोजित कार्यक्रममा सभामुख यादवले परम्परागत चाडपर्वहरूलाई वातावरणमैत्री गतिविधिसँग जोड्नु समयको आवश्यकता भएको उल्लेख गर्दै वृक्षरोपणले जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न सहयोग पुग्ने बताए । उनले मिथिला क्षेत्रका मौलिक संस्कार र संस्कृतिसँग प्रकृति संरक्षणको गहिरो सम्बन्ध रहेकाले यस्ता अभियानलाई निरन्तरता दिनुपर्ने विचार व्यक्त गरे ।

सो अवसरमा जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज साहले नगरलाई हरित र स्वच्छ बनाउने लक्ष्यअनुरूप वृक्षरोपण अभियानलाई प्राथमिकतामा राखिएको बताउनुभयो । उहाँले जुडशितलजस्ता पर्वले सामाजिक एकता र वातावरणीय चेतना दुवै प्रवर्द्धन गर्ने भएकाले यस्ता कार्यक्रमलाई व्यापक बनाइने जानकारी दिए ।







## सम्पदा जोगाऔं, पहिचान बनाऔं ।

- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं ।
- सम्पदा क्षेत्रमा फोहोर नगरौं ।
- पुरातात्विक तथा धार्मिक स्थलहरुमा तोडफोड वा क्षति नपुर्‍याऔं ।
- स्थानीय संसकृति, परम्परा र मूल्य-मान्यताको सम्मान गरौं ।
- सम्पदा क्षेत्रको संरक्षण सम्बन्धी नियम तथा निर्देशनहरुको पालना गरौं ।
- पर्यटन तथा आगन्तुकहरुलाई सम्पदाको महत्वबारे जानकारी गराऔं ।
- अनधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔं ।
- पुराना सम्पदाहरुको मर्मत-सम्भार र संरक्षणमा समुदायको सक्रियता बढाऔं ।

**सम्पदा जोगाउनु हाम्रो कर्तव्य हो ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# मध्यपूर्व द्वन्द्व शान्तितर्फ उन्मुख, कूटनीतिक दौडधुप तीव्र

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २ बैशाख**

मध्यपूर्वमा जारी युद्धका बीच पछिल्ला दिनहरूमा कूटनीतिक पहलहरू तीव्र बनेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्ध 'समाप्तिको निकै नजिक' पुगेको र यसै साता पुनः शान्ति वार्ता सुरु हुन सक्ने बताएका छन् ।

यसै सन्दर्भमा अमेरिका र इरानबीचको दोस्रो चरणको वार्ताका लागि प्रयास गरिरहेको छ। वार्तालाई सफल बनाउन हाल कायम अस्थायी युद्धविरामको अवधि लम्ब्याउने प्रयास समेत भइरहेको छ । क्षेत्रीय तनाव कम गर्ने प्रयासस्वरूप इजरायल र लेबनानबीच पनि प्रत्यक्ष संवाद सुरु गर्ने सहमति भएको छ। अमेरिकी विदेशमन्त्री मार्को रुबियोको मध्यस्थतामा वासिङ्टनमा भएको छलफलपछि दुवै देश वार्तामा बस्न सहमत भएका हुन्, जसलाई 'फलदायी' भनिएको छ। उता बेइजिङमा चिनियाँ राष्ट्रपति सी चिनफिङ र रुसी कूटनीतिज्ञ सर्गेई लावरोभबीच भेटवार्ता भएको छ । जहाँ दुवै देशले मध्यपूर्वमा तनाव



न्यूनीकरणका लागि संयुक्त पहल गर्ने प्रतिबद्धता दोहोर्‍याएका छन् ।

यद्यपि, कूटनीतिक प्रयाससँगै विवाद र चुनौतीहरू पनि कायमै छन्। अमेरिकी उपराष्ट्रपति जेडी भान्सले इरानले आणविक हतियार नबनाउने स्पष्ट प्रतिबद्धता जनाउनुपर्ने सर्त राखेका छन् भने अमेरिकाले इरानी तेलमाथिको प्रतिबन्धमा दिइँदै आएको छुट नवीकरण नगर्ने निर्णय गरेको छ। यसैबीच, लेबनानस्थित हिजबुल्लाहले उत्तरी इजरायलका १३ सहरमा रकेट आक्रमण गरेको दाबी गरेको छ । जसले युद्धविरामको प्रयासबीच पनि सुरक्षा जोखिम कायमै रहेको देखाउँछ । युद्धको बाछिटा अन्य क्षेत्रमा पनि पुगेको छ युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले अमेरिकाको ध्यान इरान युद्धमा केन्द्रित हुँदा युक्रेनले पाउने हतियार र सहयोगमा अवरोध आएको गुनासो गरेका छन् । यता ट्रम्पले इटालीकी प्रधानमन्त्री जोर्जिया मेलोनीको सहयोगप्रति असन्तुष्टि जनाउँदा पश्चिमी गठबन्धनभित्रको मतभेद सतहमा आएको छ। आर्थिक क्षेत्रमा अन्तर्राष्ट्रिय मुद्रा कोष ( आइएमएफ) ले मध्यपूर्व र उत्तर अफ्रिकाको सन् २०२६ को आर्थिक वृद्धिदर घटाएर १.१ प्रतिशतमा झारेको छ जसले युद्धको गहिरो आर्थिक प्रभावलाई पुष्टि गर्दछ ।

# नौ महिनामा ८४ प्रतिशत राजस्व संकलन, पूँजीगत खर्च निराशाजनक

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २ बैशाख**

चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो नौ महिनामा सरकारले लक्ष्यको ८४ दशमलव ११ प्रतिशत राजस्व संकलन गर्न सफल भएको छ । महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार चैत मसान्तसम्म कूल ८ खर्ब ९१ अर्ब ५६ करोड २९ लाख रुपैयाँ राजस्व उठेको छ, जुन गत वर्षको सोही अवधिको तुलनामा ६ प्रतिशतले बढी हो। संकलित राजस्वमध्ये सबैभन्दा ठूलो हिस्सा मूल्य अभिवृद्धि कर ( भ्याट) बाट २ खर्ब ६१ अर्ब ४१ करोड र आयकरबाट २ खर्ब १५ अर्ब ९० करोड रुपैयाँ प्राप्त भएको छ। चैत महिनामा मात्रै लक्ष्यको ९३ प्रतिशतभन्दा बढी राजस्व




संकलन हुनुलाई सकारात्मक मानिएको छ । राजस्व संकलनमा सुधार देखिए पनि सरकारको विकास खर्च (पूँजीगत खर्च) को अवस्था भने निकै कमजोर देखिएको छ ।

चैत मसान्तसम्म विनियोजित पूँजीगत बजेटको जम्मा २३दशमलव५८ प्रतिशत अर्थात् ९६ अर्ब १९ करोड ५१ लाख रुपैयाँ मात्र खर्च भएको छ, जुन गत वर्षको सोही अवधिको तुलनामा समेत न्यून हो। अर्कातर्फ, साधारण प्रकृतिको चालू खर्च भने ६३दशमलव३ प्रतिशत (७ खर्ब ४७ अर्ब ५२ करोड) पुगिसकेको छ । सरकारको कुल बजेट खर्च हालसम्म लक्ष्यको ५३ दशमलव ९७ प्रतिशत अर्थात् १० खर्ब ५९ अर्ब ९५ करोड रुपैयाँ पुगेको तथ्याङ्कले देखाउँछ ।

वैदेशिक अनुदान प्राप्तिमा पनि सरकार निकै पछाडि परेको छ; वार्षिक लक्ष्यको जम्मा २९ दशमलव २१ प्रतिशत मात्र अनुदान प्राप्त भएको छ ।




Kathak and Maithili Dance Workshop"Join us in the sacred city of Janakpur, Nepal, for an immersive dance experience!""Learn from the Experts"- Kathak Dance: Explore the classical dance form of India, known for its intricate footwork, rapid pirouettes, and expressive storytelling."- Maithili Dance: Discover the traditional folk dance of Mithila region, characterized by its energetic movements, vibrant costumes, and rich cultural heritage.""Workshop Details:"- Dates: 1st June to 15 June 2026"- Venue: Gyan Ganga international public school Janakpurdham, Nepal"- Instructors: Experienced dance teachers with expertise in Kathak and Maithili dance""Who Can Join:"- All levels welcome: Beginners, intermediate, and advanced dancers can join"- Age: No age restrictions""What to Expect:"- Intensive dance training"- Cultural immersion"- Opportunity to perform"- Networking with fellow dance enthusiasts""Register Now:"Don't miss this unique opportunity to learn from experts and experience the rich cultural heritage of Kathak and Maithili dance.""Contact us at [Insert Contact Information] to register and for more details.""Join the Dance Journey!"Come and immerse yourself in the beauty of Kathak and Maithili dance in the historic city of Janakpur, Nepal!

# अमेरिकन म्युजिक अवार्ड : ८ मनोनयनसहित टेलर स्विफ्ट सबैभन्दा अगाडि

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २ बैशाख**




विश्व सङ्गीत क्षेत्रको प्रतिष्ठित अवार्ड 'अमेरिकन म्युजिक अवार्ड २०२६' को मनोनयन सार्वजनिक भएको छ।

सार्वजनिक मनोनयन चर्चित गायिका टेलर स्विफ्ट सबैभन्दा बढी ८ विधामा मनोनयनमा परेकी छन्। स्विफ्टको पछि पछि सबरीना कार्पेन्टर, ओलिभिया डीन, सोमब्र र मोर्गन वालेन रहेका छन्, जसले समान ७-७ विधामा मनोनयन पाएका छन्। त्यस्तै, लेडी गागा र एलेक्स वारेन ६-६ विधाको मनोनयनमा परेका छन् । पहिले नै ४० वटा एएमए अवार्ड जितेर कीर्तिमान बनाइसकेकी टेलर स्विफ्ट यस पटक पनि मुख्य विधाहरूमा हाबी छिन् । यस वर्ष सबैभन्दा ठूलो विधा 'आर्टिस्ट अफ द इयर' का लागि कडा प्रतिस्पर्धा हुने देखिएको छ। यसमा टेलर स्विफ्ट, सबरीना कार्पेन्टर, मोर्गन वालेन, जस्टिन बिबर, लेडी गागा, ब्रुनो मार्स, बीटीएस, ब्याड बनी, केन्ड्रिक लामर र ह्यारी स्टाइलस परेका छन्। यस वर्ष नयाँ कलाकारहरूले पनि निकै राम्रो उपस्थिति देखिएको छ। ओलिभिया डीन र सोमब्रले पहिलो पटक नै ७-७ मनोनयन पाएर सबैलाई अचम्ममा पारेका छन्। अवार्ड शोलाई अझ रोचक बनाउन यस पटक ११ वटा नयाँ विधाहरू थपिएका छन्, जसमा 'ब्रेकथ्रु एल्बम', 'ब्रेकआउट टुर' र 'सङ अफ द समर' जस्ता विधाहरू सामेल छन् । के हो अमेरिकन म्युजिक अवार्ड ? विश्वकै ठूलो अवार्ड शो मध्ये एक मानिएको यो अवार्ड सन् १९७३ मा डिक क्लार्कद्वारा सुरु गरिएको हो । यसमा विजेताहरूको चयन पूर्ण रूपमा प्रशंसकहरूको भोटिङका आधारमा गरिन्छ। सन् २०२३ र २०२४ रोकिएको अवार्ड मे २०२५ बाट पुनः सुरु भएको हो । सन् २०२६ को अवार्ड समारोह अमेरिकाको लास भेगासमा आयोजना गरिनेछ ।

# नयाँ वर्षमा नयाँ क्रिकेट प्रतियोगिता

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २ बैशाख**



अफ्रिकी राष्ट्र रुवान्डामा हुने आईसीसी वुमन्स च्यालेन्ज ट्रफी २०२६ मा प्रतिस्पर्धा गर्न नेपाली राष्ट्रिय महिला क्रिकेट टोली बुधबार रुवान्डा प्रस्थान गरेको छ ।

प्रतियोगिता यही अप्रिल १८ देखि मे १ सम्म किगालीस्थित गहङ्गा क्रिकेट स्टेडियममा हुनेछ । जसमा आयोजक रुवान्डासँगै नेपाल, अमेरिका, इटाली र भानुआतुले प्रतिस्पर्धा गर्नेछन् । नेपाली महिला टोलीले पहिलो पटक रुवान्डा गएर खेल्न लागेको हो। च्यालेन्ज ट्रफीको खेलहरू डबल राउण्ड रोबिनका आधारमा खेलाइनेछ र धेरै अंक जोड्दै शीर्ष स्थानमा रहने टिम च्याम्पियन बन्नेछ । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) ले पहिलो पटक वुमन्स च्यालेन्ज ट्रफी आयोजना गर्दैछ । एसोसिएट राष्ट्रहरूलाई उच्च स्तरको क्रिकेट खेल्नका लागि यो आयोजना गर्न लागिएको हो । आईसीसीले २०२५ नोभेम्बरमा महिला क्रिकेटका लागि नयाँ प्रतियोगिताहरू घोषणा गरेको थियो। जसमा उत्कृष्ट ८ एसोसिएट राष्ट्रले थाइल्यान्डमा भएको आईसीसी इमर्जिङ वुमन्स नेसन्स ट्रफीमा प्रतिस्पर्धा गरेका थिए । त्यसभन्दा तलको वरियतामा रहेका ५ टिमले अब हुने वुमन्स च्यालेन्ज ट्रफी खेल्दैछन्। नेपालले अप्रिल १८ मा अमेरिकासँग खेल्दै आईसीसी वुमन्स च्यालेन्ज ट्रफीको सुरुवात गर्नेछ। नेपालले प्रतियोगितामा चार टिमसँग कूल ८ खेल खेल्नेछ ।

यसले खेलाडीहरूका लागि अन्तर्राष्ट्रिय एक्सपोजर देखि अनुभव लिने ठूलो अवसर मिल्नेछ। आईसीसी महिला टी-२० विश्वकप ग्लोबल छनोटका दौरान घाइते भएकी कप्तान इन्दु बर्मा पूर्ण फिट भएर टिममा फर्केकी छिन् ।

# निष्क्रिय विधेयकहरू अध्ययन गर्दै सरकार

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २ बैशाख**



प्रतिनिधिसभा विघटनसँगै निष्क्रिय भएका विधेयकहरू अध्ययन गरिँदैछ । ती विधेयकमा विघटित प्रतिनिधिसभामा भएको छलफल समेतका आधारमा नयाँ विधेयकहरू अगाडि बढाउने सरकारको तयारी छ । यसका निम्ति निष्क्रिय विधेयकहरू अध्ययन गरिँदैछ ।

विघटित प्रतिनिधिसभामा विद्यालय शिक्षा विधेयक र सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक अन्तिम चरणमा पुगेका थिए । संवैधानिक परिषद् काम, कर्तव्य, अधिकार र कार्यविधि सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक पनि अन्तिम चरणमा पुगेको थियो । तर, २७ भदौमा प्रतिनिधिसभा विघटन भएसँगै यी लगायत संघीय संसदमा रहेका ३० वटा विधेयक निष्क्रिय भएका हुन् । संघीय संसद् दुई सदनात्मक छ । प्रतिनिधिसभा विघटन हुँदा प्रतिनिधिसभामा दर्ता भएर संसदीय प्रक्रियामा रहेका २४ वटा विधेयक निष्क्रिय भएका थिए। प्रतिनिधिसभा विघटन हुँदा राष्ट्रिय सभामा दर्ता भएर संसदीय प्रक्रियामा रहेका ६ वटा विधेयक निष्क्रिय भएका थिए। प्रतिनिधिसभामा दर्ता भएर संसदीय प्रक्रियामा रहेका र प्रतिनिधिसभा विघटनसँगै निष्क्रिय भएका विधेयकहरूमा नेपाल पशु चिकित्सा परिषद् पहिलो संशोधन विधेयक, राष्ट्रिय खेलकुद विकास पहिलो संशोधन विधेयक, सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक, औद्योगिक सम्पत्ति सम्बन्धी विधेयक, बालबालिका सम्बन्धी पहिलो संशोधन विधेयक रहेका छन् ।

तत्कालीन सरकारले निकै मेहनतका साथ पास गर्न खोजेको भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक पनि प्रतिनिधिसभा विघटनसँगै निष्क्रिय भयो । वैकल्पिक विकास वित्त परिचालन विधेयक, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण पहिलो संशोधन विधेयक, जाति, रंग, क्षेत्र, भेषभूषा, राष्ट्रियता वा उत्पत्तिमा आधारित भेदभाव कसूर र सजाय विधेयक, निकासी पैठारी नियमन विधेयक, नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, नेपाल हवाई सेवा प्राधिकरण विधेयक पनि निष्क्रिय भयो ।

# विद्यालयहरू पढाउँछन् मात्रै, पढ्नै दिँदैनन्



-अत्यधिक व्यावसायिकता र अभिभावकको महत्त्वाकांक्षाले विद्यालयहरूमा विद्यार्थीलाई लामो समयसम्म कक्षामा थुनेर पढाइँदैछ, जसले उनीहरूको मानसिक र शारीरिक विकासमा नकारात्मक असर पारिरहेको छ । परीक्षामा राम्रो ग्रेड ल्याउने दबाबले सिर्जनशीलता, सामाजिक व्यवहार र व्यावहारिक ज्ञानको विकासमा बाधा पुगेको छ, जुन दीर्घकालीन रूपमा बालबालिकाको भविष्यका लागि हानिकारक हुन सक्छ ।

शिक्षा प्रणालीमा सुधार गरी विद्यार्थीकेन्द्रित, व्यावहारिक र सिर्जनशीलता अभिवृद्धि गर्ने वातावरण सिर्जना गर्न विद्यालय, अभिभावक र राज्यको नियामक निकायले ध्यान दिन आवश्यक छ। आजकल देशका अधिकांश निजी तथा केही सामुदायिक विद्यालयले बिहान ६ बजेदेखि राति ८ बजेसम्मै विद्यार्थीलाई स्कुलमा राख्छन् । परीक्षामा माथिल्लो ग्रेड ल्याउन बालबालिकालाई लामो समय कक्षाकोठाभित्रै थुनेर गरिने शिक्षण सिकाइ उनीहरूको मानसिक र शारीरिक विकासका लागि ठीक छ ? शिक्षामा भएको अति व्यवसायीकरण र अभिभावकको अनावश्यक महत्त्वाकांक्षाले विद्यार्थीलाई कक्षाकोठामै थुनिएको छ । खासगरी निजी विद्यालयको चाहना हुन्छ- परीक्षामा विद्यार्थीलाई राम्रो ग्रेडमा पास गराउने, जसकारण धेरै विद्यार्थी आफ्नो विद्यालयतर्फ आकर्षित होऊन् अनि भर्ना संख्या बढोस् र व्यवसाय प्रवर्द्धन होस् । विद्यालयहरू परीक्षामा राम्रो ग्रेडको चुनौतीबाट सुरक्षित रहन जुनसुकै हालतमा विद्यार्थीलाई पढाएर, लेखाएर, घोकाएर अन्तिम परीक्षामा उत्कृष्ट ग्रेड ल्याउन सक्ने बनाउने मिसनमा छन् । ती यसरी अभिभावकलाई खुसी पार्न र व्यवसाय पनि राम्ररी चलाउन चाहन्छन् । र, निजी विद्यालयका विद्यार्थीको राम्रो ग्रेड आउँछ । र, सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्ने भयले सामुदायिक विद्यालयले पनि निजी विद्यालयको सिको गरिरहेका छन् ।

अभिभावकले सन्तानको परीक्षाफल राम्रो आओस् भन्ने अपेक्षा गर्नु स्वाभाविक हो । तर, परीक्षाफल राम्रो गर्न अपनाइने उपरोक्त विधि गलत छ । हाम्रो समाजमा शिक्षण सिकाइ मापनको प्रमुख मापदण्ड नै विद्यार्थीले कक्षाको अन्तिम परीक्षामा प्राप्त गरेको अंक (ग्रेड) हो । यसलाई अभिभावक सन्तानको प्रगतिको मापदण्ड ठान्छन् । यसमा विद्यालय मात्रै दोषी छैनन्, अभिभावक पनि उत्तिकै दोषी छन् । विद्यालय र अभिभावकको 'गठबन्धन' पद्धतिले दिएको मानसिक दबाबले देशैभरि बालमनोविज्ञानमा संवेदनहीनताको विकास भएको छ, जसले भविष्यमा अपूरणीय क्षति हुन सक्छ । विचार गरौं त ! बिहान ६ देखि साँझ ८ बजेसम्म एउटै वातावरण, उही ठाउँ, उस्तै कक्षाकोठा, मात्र केही पात्र आलोपालो फेरिन्छ । अझ अप्ठ्यारो मानिने विषयका शिक्षक पटक-पटक दोहोरिएर आउँछन् । यस्तो अवस्थामा कक्षाकोठाका विद्यार्थीलाई कति छटपटी हुन्छ ? कति दिक्क लाग्छ ? कति रिस उठ्छ ? तर, बालबालिका त्यो सब सहन बाध्य छन् । किनभने यो 'ज्यादती' विद्यालय तथा अभिभावकको सहमतिमै भएको छ। यसबाट उन्मुक्तिको कुनै बाटो छैन । अनि हामी नै भन्छौं, 'बच्चा घरमा आएर मोबाइल मात्रै हेर्छ, पढ्दै-पढ्दैन । ...घरमा आउने पाहुनालाई मतलबै गर्दैन, कुराकानी नै गर्दैन, इष्टमित्रकामा जान रुचि गर्दैन, असामाजिक भयो ।' तर, अहिलेको '१४-घण्टे' सिकाइ पद्धतिमा त्यो सामीप्यताको अवसरै छैन । उसलाई सामाजिक व्यवहारका विषय सिकाइएकै छैन, फुर्सद पनि छैन । झिसमिसेदेखि साँझसम्मै बालबालिकालाई एकै प्रकारको वातावरणमा निरन्तर संलग्न हुन बाध्य पारिन्छ, तिनले अरूको आदेशमा मात्रै काम गर्नुपर्ने हुन्छ, खुला वातावरणमा प्रकृतिसँग रमाउने अवसर छैन, लामो बिदाका लागि नियमित पठनपाठनका दिनभन्दा बोझिलो गृहकार्य दिइन्छ, चाडपर्वका छुट्टीमा पनि दैनिकी लेख्न लगाइन्छ, शैक्षिक भ्रमणमा पनि कापी-कलम थमाएर 'देखेका कुराको टिपोट गर' भनेर लेख्न लगाइन्छ, विद्यालयमा खेलकुदको समय पनि निगरानीमै राखिन्छ ! अब भन्नुस- त्यो बच्चाले कति बेला फुर्सद पाउने ? निरन्तर पाठ्यवस्तुमा मात्रै केन्द्रित हुनुपर्ने दबाबले क्रमशः उसको सिर्जनशीलता कमजोर पार्छ । र, उसमा रिस, झगडा, ईर्ष्या जस्ता मानवीय संवेदनाको विकास गर्छ । यस्ता क्रियाकलापले बालमनोविज्ञानमा दीर्घकालीन नकारात्मक असर पार्छ, जुन हामीले जानेर पनि नबुझेझैं गरेका छौं । शिक्षाको गुणस्तर सुधार भनेको अन्तिम परीक्षामा जीपीए ४ प्राप्त गर्न सक्ने बनाउनु मात्र होइन । बालबालिकाले जीपीए ४ प्राप्त गर्दा उनीहरूले लेखेको विषयवस्तु व्यावहारिक रूपमा बुझेका हुन् या स्मरणको भरमा मात्रै लेखेका हुन् ? त्यो पहिचान हुनु जरुरी हुन्छ ।

राजनीतिक दबाब र नीतिकेन्द्रित छ- परीक्षाफलमा उत्तीर्ण प्रतिशत कसरी बढाउने ? व्यावहारिक ज्ञान मापन गर्ने विधि अत्यन्तै कमजोर छ । व्यावहारिक ज्ञान मापनको एक विधि प्रयोगात्मक परीक्षा हुनुपर्ने हो, तर त्यो औपचारिकतामै सीमित छ । अहिले प्रयोगात्मक परीक्षामा प्रदान गरिने अंक 'अनुदान' मा दिइने अंक हो । त्यो अंक विद्यार्थीको जम्मा ग्रेड वृद्धि गर्ने उपाय हो । शिक्षाविद्हरू पाठ्यक्रममा सुधार गर्नुपर्छ भन्नेमा जोड दिन्छन् तर विद्यमान पाठ्यक्रम कमजोर र अव्यावहारिक छ भन्ने बहस नै गर्दैनन् । हाम्रोमा सिकाइ प्रक्रियामा ठूलो समस्या छ । पुस्तक-लेखनमा घर, विद्यालय तथा समाजमा देखे-जानेका विषयवस्तुलाई उदाहरणका रूपमा प्रस्तुत गर्न भनिएको छ, जुन सान्दर्भिक हो । तर, समस्या छ- विद्यार्थीलाई वरिपरिको वातावरण हेर्ने, बुझ्ने र विचार गर्ने समय नै छैन । तिनै पुराना परीक्षामा सोधिएका प्रश्नको उत्तर लेख्न, स्मरण गर्न समय खर्च भइरहेको छ । पुस्तकमा लेखिएका विषयलाई व्यावहारिक रूपमा पठनपाठनमा लैजान सकिएको छैन । समयानुकूल पाठ्यक्रममा सुधार त अनिवार्य नै हो । तर, हालको चुनौती हो- पाठ्य विषयवस्तुमा उल्लिखित ज्ञान-सीपलाई व्यवहारमा परिणत गर्नु र विद्यार्थीको सिर्जनशीलता बढाउनु । विद्यार्थीलाई विद्यालयको अति व्यावसायिकता र अभिभावकको अति महत्त्वाकांक्षाबाट मुक्त गर्नुपर्छ । अन्य कुनै पनि मुलुकमा बालबालिकालाई एकै दिनमा १३-१४ घण्टा प्रशासनिक नियन्त्रणमा राखिँदैन, राख्न दिइँदैन । हाम्रो शिक्षा सम्बन्धी नियमन गर्ने निकायले तुरुन्त ध्यान दिनुपर्छ र आवश्यक सुधारका लागि निर्देशन दिनुपर्छ । मानवीय स्वभाव नै अरूको नियन्त्रणमा बस्न नचाहने हो, त्यसैले बालबालिका अति नियन्त्रणबाट उन्मुक्त हुन चाहन्छन् । शिक्षण संस्था र अभिभावकबाट आवश्यकताभन्दा बढी नियन्त्रण हुँदा विद्यार्थीहरू घरपरिवार नै छाडेर विदेशसम्मको यात्राको योजना गर्छन् । त्यसैले उनीहरूलाई विद्यालयमा पढ्न अनि घरमा बस्न सहज र खुसीको वातावरण हुनुपर्छ । त्यसपछि मात्रै उनीहरूमा परिवार र समाजप्रति अपनत्वको भावना विकास हुन्छ । अभिभावकले सन्तानको परीक्षाफल राम्रो आओस् भन्ने अपेक्षा गर्नु स्वाभाविक हो । तर, परीक्षाफल राम्रो गर्न अपनाइने उपरोक्त विधि गलत छ । हाम्रो समाजमा शिक्षण सिकाइ मापनको प्रमुख मापदण्ड नै विद्यार्थीले कक्षाको अन्तिम परीक्षामा प्राप्त गरेको अंक (ग्रेड) हो । पाठ्यक्रमका अतिरिक्त परीक्षामा सोधिने प्रश्नमा समेत सुधार गर्नुपर्छ, जहाँ विद्यार्थीले पढेको विषय बुझेर अनुभूति गरून् । र, आफ्नै मौलिकतामा अभिव्यक्त गर्न सकून्, पुराना प्रश्नको ठेलीबाट घोकेकै आधारमा उत्तर नदिऊन् । त्यसका लागि सानो कक्षाबाटै सुधार सुरु गर्नुपर्छ ।

खासमा साना कक्षामा औपचारिक परीक्षाको आवश्यकता नै छैन । प्रयोगात्मक परीक्षाको अंक 'अनुदान' मा नदिऔं । प्रयोगशालामा नियमित उपस्थित हुने, राम्रोसँग प्रयोग गर्ने विद्यार्थीलाई मात्रै उत्कृष्ट अंक दिऊँ । उसलाई विश्वास होस्- राम्रो गरे राम्रो ग्रेड आउँछ । जान्ने र नजान्ने विद्यार्थीको ग्रेडिङ फरक दिऔं, आन्तरिक परीक्षक र बाह्य परीक्षकको नाटक गरेर गलत कुरालाई वैधानिकता नदिऔं ।

हाम्रो शिक्षण विधिलाई शिक्षक केन्द्रितबाट विद्यार्थी केन्द्रितमा लैजानुपर्ने आवश्यकता छ । विद्यार्थीलाई तर्क गर्न सक्ने बनाउनुपर्नेछ । हाम्रो अहिलेको विधि निर्देशनात्मक छ । यसलाई सुधार्नुपर्ने आवश्यकता छ । सानो कक्षादेखि नै उनीहरूलाई सामूहिक छलफल गर्ने र आफ्नो धारणा पेस गर्ने बानी पार्दै लैजाँदा ती त्यही वातावरणमा अभ्यस्त हुन्छन् र प्रतिफल राम्रो हुन्छ । एक्कासि माथिल्लो कक्षामा प्रयोग गर्न खोजेर हुँदैन । अहिलेको ४५ मिनेटको १ कक्षा समय धेरै पुरानो डिजाइन हो । त्यस समयभित्रको गतिविधि व्यवस्थित गर्नुपर्छ । अध्ययनहरूले अहिलेका बच्चाहरूमा कुनै एक विषयवस्तुमा ध्यानकेन्द्रित गर्न सक्ने समय पहिलेका बच्चाहरूको भन्दा घटेको देखाएको छ । उनीहरू लगातार १०-१५ मिनेट मात्रै कुनै वस्तुमा ध्यान केन्द्रित गर्न सक्छन्, त्यसपछि ध्यान विकेन्द्रित हुन्छ । यो समय र प्रविधिका कारण उत्पन्न भएको समस्या हो, समाधान पनि प्राविधिक रूपमै हुनुपर्छ । पूरा कक्षा समय ४५ मिनेटलाई विभिन्न चरणमा विभाजन गर्न सकिन्छ । जस्तै- समूहगत छलफल, तुरुन्त गर्न सकिने कक्षा कार्य, एआईको विकास र प्रयोगसम्बन्धी जानकारी, देश-विदेशमा घटेका घटनाबारे छलफल, कम्प्युटर र कम्प्युटरको भाषासम्बन्धी जानकारी, इन्टरनेट र इन्टरनेट सदुपयोग गर्ने तरिका, जलवायु परिवर्तन, साहित्यकार-समाजसेवी -वैज्ञानिकहरूको जीवनी, गीत-संगीत, संस्कृति सम्बन्धी रोचक प्रसंग, लोककथा, खेलकुद आदि गतिविधिहरू । तर, यो भनेजस्तो सजिलो काम पक्कै छैन । यसका लागि शिक्षकलाई शिक्षण सिकाइसम्बन्धी प्रभावकारी सीप विकास तालिमको व्यवस्था हुनु आवश्यक छ । पछिल्ला समय 'मेरो बच्चाले त चिया पकाउन पनि जान्दैन' भनेर गर्व गर्ने अभिभावक पनि प्रशस्त भेटिन्छन् ।

यो हाम्रो गलत धारणा हो । बालबालिकालाई घरका सानातिना काम गर्न लगाउने, नजिकैको तरकारी पसल, दूध पसल तथा किराना पसलबाट आवश्यक सामान किन्ने जिम्मेवारी दिने तथा कहिलेकाहीँ बिदाका दिनमा चिया, खाना पकाउन लगाउने जस्ता व्यावहारिक ज्ञानको विकास गराउन सकिन्छ । व्यावहारिक ज्ञानबिनाको बालबालिकामा थोपरिने यस्ता अति बोझ वास्तवमै उनीहरूको भविष्यका लागि प्रत्युत्पादक हुन्छन् ।

**सांभार : कान्तिपुर ।**


**"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"**



सम्पर्क -: दिलीप कुमार साह :-

मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)

एकचोटी सेवाको मौका अवश्य दिनुहोला







## बिमालेख हरायो

घरबाट बाहिर जाने क्रममा तपसिल बमोजिमको बिमालेख हराएको हुँदा एल.आई.सि. नेपालको कुनै पनि शाखा कार्यालयमा बुझाई दिनुहुन अनुरोध गरिन्छ ।

**तपसिल**

**नाम :** रन्जना देवि झा

ठेगाना : कुमरौरा,लक्ष्मिनीयाँ गाउँपालिका,धनुषा

बिमालेख नम्बर: १७००८६६३८


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम

प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७

Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday